नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

Website: www.tsc.gov.np

पत्र सङ्ख्या : ०८२/०८३
चलानी नं. : २००

मिति : २०८२।०८।०१

विषयः अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको बेहोरा प्रमाणित गर्ने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै ।

शिक्षक सेवा आयोगबाट प्रकाशित माध्यमिक तहको अध्यापन अनुमतिपत्र (विज्ञापन नं ४३/०८२/८३) को नतिजा मिति २०८२।०७।२८ मा प्रकाशित भएको बेहोरा अवगत नै छ । उक्त परीक्षामा उत्तीर्ण उम्मेदवारहरूको अध्यापन अनुमतिपत्र छपाई गरी वितरण गर्न केही समय लाग्ने भएकाले यदि कुनै उत्तीर्ण उम्मेदवारले कुनै विद्यालयबाट विज्ञापन भएको शिक्षक पदमा नियुक्तिका लागि आवेदन दिने प्रयोजन खुलाई अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएको बेहोरा प्रमाणित गरिदिन देहायअनुसारका कागजात संलग्न राखी निवेदन दिएमा यस आयोगको वेबसाइटमा प्रकाशित नतिजासँग भिडाई न्यूनतम योग्यता पूरा भए नभएको यकीन गरी अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको बेहोरा अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरिदिने व्यवस्था हुन निर्णयअनुसार अनुरोध छ ।

<u>प्रमाणित गर्दा पेस गर्नुपर्ने कागजातहरू</u>

क) निवेदन
ख) प्रवेशपत्रको प्रतिलिपि
ग) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
घ) न्यूनतम शैक्षिक योग्यता र तालिमको प्रमाणपत्र (तालिम आवश्यक पर्ने विषयको हकमा) को प्रतिलिपि
ङ) विदेशी शिक्षण संस्थाबाट शैक्षिक योग्यता प्राप्त गरेका उम्मेदवारको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपि

२०८२।०८।०१

रमा नेपाल
शाखा अधिकृत